**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले वर्तमान स्थितिमा देशवासीहरुसित अफ़वाहहरु प्रति सतर्क बस्ने अनि सरकारी सूचनाहरुमाथि भरोसा गर्ने अपिल गर्नुभएको छ।
- चुनाव आयोगद्वारा हिज अबेर राती, राज्यमा एसआईआर प्रक्रिया अन्तर्गत तेस्रो पूरक मतदाता सूची जारी गरिएको छ।
- सिलगढ़ीमा भोलि महावीर जन्मजयन्ती भव्य रूपमा पालन गरिनेछ।
- दार्जिलिङका सांसद राजू विष्टले कालेबुङको विकासका लागि केन्द्र सरकारले रेल, सडक, पानी र आवास क्षेत्रमा विभिन्न योजनाहरू अघि बढाएको बताउनुभएको छ।
- इण्डियन गोर्खा जनशक्ति फ्रन्टले आगामी विधानसभा चुनावका लागि दार्जीलिंग, खरसांग अनि कालेबुंग विधान सभा सिटहरुका लागि आफ्ना उम्मेदवारहरूको आज घोषणा गरेको छ।
- नेपाली कंग्रेसको नेता अनि पूर्व मन्त्री दीपक खड़कालाई आज बिहानै पक्राउ गरिएको छ।
- मौसम विभागले अगामी २४ घण्टामा उत्तर बंगालका पहाड़ी तथा केही मैदानी क्षेत्रहरुमा हल्का वर्षा तथा मेघगर्जन सहित वर्षा हुने सम्भावना रहेको बताएकोछ।

**प्रधानमंत्री-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले पश्चिम एशियाको स्थितिमाथि चिंता प्रकट गर्नुहुँदै विश्वभरिमा पेट्रोल अनि डीज़लको संकट बढ़िरहेको बताउनुभएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रममा उहाँले भारतको ऊर्जा आवश्यक्ताहरुको एउटा ठुलो भागको पूर्ति पश्चिम एशियाबाट हुनेभएकोले वर्तमान समय चुनौतीपूर्ण रहेको बताउनुभयो।

*Byte*

उहाँले भन्नुभयो विश्व समुदायसित भारतको संबंधहरु, समस्त देशहरुबाट प्राप्त भइरहेको सहयोग अनि विगत दशकमा भारतको समृद्धिको कारण देश यी परिस्थितिहरुसति जुझ्न सक्षम बनेको हो। श्री मोदीले कोविड काल जस्तै वर्तमान संकटसित पनि देशले असल तरिकाले जुझेर यसदेखि पनि बाहिर निस्केने विश्वास व्यक्त गर्नुभयो। उहाँले 1 करोड़ भन्दा अधिक भारतीयहरुलाई हर प्रकारको सहायता दिनकालागि खाड़ी देशहरुलाई धन्यवाद दिनुभयो अनि मानिसहरुसित सामुहिक रुपले यस चुनौतीसित जुझ्ने अपिल गर्नुभयो। श्री मोदीले यस मामलामा अफ़वाह फैलाउने मानिसहरुले देशलाई नोक़सान पुर्याइरहेको पनि बताउनुभयो। उहाँले देशवासीहरुसित अफ़वाहहरु प्रति सतर्क बस्ने अनि केवल सरकारी सूचनाहरुमाथि भरोसा गर्ने अपिल गर्नुभएको छ।

*Byte*

प्रधानमंत्रीले ज्ञान भारतम् सर्वेक्षणको चर्चा गर्नुभयो जसले भारतको महान संस्कृति अनि धरोहरलाई प्रदर्शित गर्नका लागि जन-भागेदारीको भावनालाई दर्शाउँदछ। उहाँले भन्नुभयो यस पहलको उद्देश्य देशभरीबाट पांडुलिपिहरुको संबंधमा सूचना एकजुट पार्न हो। ज्ञान भारतम् सर्वेक्षण यस वर्ष मध्य जून सम्म जारी रहनेछ। प्रधानमंत्रीले राष्ट्र निर्माणमा माई भारत संगठनले देशका युवाहरुलाई सकारात्मक कार्यहरुमा जोड़िरहेको कारण एक महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो। श्री मोदीले हालै संपन्न टी-20 विश्वकप क्रिकेटमा भारतीय टीमको जीत माथि गर्व व्यक्त गर्नुभयो। उहाँले कर्नाटक को हुबलीमा, जम्मू-कश्मीर क्रिकेट टीमले रणजी ट्रॉफी जितेकोमा पनि प्रसन्नता व्यक्त गर्नुभयो। प्रधानमंत्री मोदीले फिटनेस माथि पनि ध्यान दिने अपील गर्नुहुँदै, विश्वभरीमा योग प्रति आकर्षण लगातार बढ़ रहेको बताउनुभयो। प्रधानमंत्रीले देशमा ग्रीष्म ऋतुको आगमन साथै जल संरक्षण प्रति प्रतिबद्धता व्यक्त गर्ने समय आएको बताउनुभयो। उहाँले भन्नुभयो विगत 11 वर्षमा जल संचय अभियानद्वारा मानिसहरुमा व्यापक जागरूकता आएको छ अनि देशभरीमा लगभग 50 लाख कृत्रिम जल संचयन केंद्र बनाइएको छ।

*Byte*

प्रधानमंत्रीले उत्तर प्रदेशको वाराणसीमा, एक घंटामा 2 सय 51 हजार भन्दा अधिक बिरुवाहरु रोपेर गिनीज वर्ल्ड रिकॉर्ड बनाइएको उल्लेख पनि गर्नुभयो। उहाँले एक पेड़ मां के नाम अभियान अंतर्गत देशभरीमा लाखौं रुखहरु रोपी सकिएको उल्लेख गर्नुभयो। । यसको साथै प्रधानमंत्रीले पीएम सूर्य घर मुफ्त बिजली योजनाको प्रभाव देशको प्रत्येक कुनामा देख्न सकिएको उल्लेख पनि गर्नुभयो।

**पश्चिम बंगाल - एसआईआर**

चुनाव आयोगले राज्यमा एसआईआर प्रक्रिया अन्तर्गत तेस्रो पूरक मतदाता सूची जारी गरेको छ। यसको घोषणा हिज अबेर राती गरिएको छ। यद्धपी सूचीमा शामेल तथा बाहिर गरिएका मतदाताहरुको सटीक संख्या बारे जानकारी गराइएको आयोगका अधिकारीहरुले बताए अनुसार उनीहरुले पूरक सूचीहरुलाई प्रतिदिन प्रकाशित गर्नकालागि अदालतबाट अनुमति मांगेका थिए। जुन मतदाताहरुको नाम सूचीबाट हटाइएको छ उनीहरुलाई न्यायाधिकरणमा अपील गर्ने अवसर प्रदान गरिनेछ|

**पश्चिम बंगाल- कांग्रेस चुनाव**

कांग्रेसले राज्यमा आगामी विधानसभा चुनावमा सबै 2 सय 94 सीटहरुबाट चुनाव लड़्ने घोषणा गरेको छ। कांग्रेस नेता अधीर रंजन चौधरीले नयाँ दिल्ली मा मीडियासित कुराकानीको अवधि यो कुरो बताउनुभएको हो।

**ममता रैली**

राज्यका मुख्यमंत्री ममता बनर्जीले आज भारतीय जनता पार्टीको आलोचना गर्नुहुँदै भाजपाले अन्य राज्यहरुमा बंगाली भाषी मानिसहरुमाथि हमला गरिरहेको आरोप लगाउनुभएको छ। पुरुलियामा एउटा जनसभालाई सम्बोधन गर्नुहुँदै उहाँले विपक्षी दलमाथि दंगा भड्काएको आरोप पनि लगाउनुभयो। स्मरण रहोस् राज्यमा दुइ चरणमा चुनाव हुनेछ, पहिलो चरणको मतदान 23 अप्रैलमा अनि दोस्रो चरणको मतदान 29 अप्रैलको दिन हुनेछ। मतगणा 4 मईको दिन हुनेछ।

**सिलीगुड़ी – महावीर जयन्ति**

भगवान महावीरको २६२४ औं जन्मजयन्ती सोमबार 30 मार्चको दिन सिलगढ़ीमा भव्यरूपले मनाइने छ। यस अवसरमा बिहान ठूलो शोभायात्रा निकालिने जानकारी आयोजक समितिका अध्यक्ष बजरंग सेठियाले दिनु भएको छ। उहाँले भगवान महावीर जन्म कल्याणक समारोह मार्फत समाजमा अहिंसा, सत्य, करुणा र मानवताको सन्देशलाई जनजन समक्ष पुर्याउन प्रत्येक वर्ष यसको आयोजना गरिन्छ भनि बताउनु भयो।

*(यस दिन जैन मन्दिरहरूमा भगवान महावीरको मूर्तिलाई पानी, दूध, केसर र चन्दनले अभिषेक गरिन्छ, त्यसपछि आरती, पूजा र मंगल अर्चना गरिन्छ। सिलगुडी र अन्य स्थानहरूमा भगवान महावीरको मूर्तिलाई सुसज्जित रथमा राखेर भव्य शोभायात्रा निकालिन्छ। भोलीको शोभायात्राहरूमा भजन, कीर्तन र आकर्षक धार्मिक झाँकीहरू समावेश हुनेछन्। भक्तजनहरूले भोली उपवास बसी भगवान महावीरको ध्यान र पूजा गर्दछन्। गरीब मानिसहरूलाई खाना, लुगाफाटा र पैसा दान गर्दछन्। सबै जीवित प्राणीहरूप्रति करुणाको भाव प्रकट गर्छन्। स्मरण रहोस, भगवान महावीर स्वामीलाई जैन धर्मको २४ औं र अन्तिम तीर्थंकर मानिन्छ। भगवान महावीरको जन्म ५९९ ईसापूर्व बिहारको कुण्डलग्राममा राजा सिद्धार्थ र रानी त्रिशलाको घरमा भएको थियो, यद्यपि दिगम्बर जैनीहरूले विश्वास गर्छन् कि उहाँको जन्म ६१५ ईसापूर्व भएको थियो। बाल्यकालमा उहाँको नाम वर्धमान थियो।)*

**राजू विष्ट-कालेबुङ्ग**

दार्जिलिङका लोकसभा सांसद राजू विष्टले आज कालेबुङमा बीजेपी गठबन्धनका उम्मेदवार भरत छेत्रीको समर्थनमा त्रिकोण पार्कदेखि मारवाडी भवनसम्म आयोजित र्‍यालीमा सहभागिता जनाउनु भयो। यस र्‍यालीमा बीजेपी तथा गठबन्धनका नेताहरू र कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सांसद राजु बिष्टले चुनावी सभालाई सम्बोधन गर्नुहुँदै कालेबुङको विकासका लागि केन्द्र सरकारले रेल, सडक, पानी र आवास क्षेत्रमा विभिन्न योजनाहरू अघि बढाएको बताउनुभयो। श्री विष्टले सेवोक–रङ्पु रेल परियोजना, राष्ट्रिय राजमार्ग ७१७ ए, तथा "हर घर जल" जस्ता योजनाले क्षेत्रमा पूर्वाधार र अवसर विस्तार भइरहेको बताउनुभयो। सांसद बिष्टले कालेबुङका जनतालाई उम्मेदवार भरत छेत्रीलाई मतदान गर्ने आग्रह गर्दै रोजगारी, शिक्षा र कृषि क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सांसद बिष्टले कालेबुङका जनताले बीजेपी गठबन्धनप्रति देखाएको अपार

समर्थनले क्षेत्र परिवर्तनको दिशातर्फ अग्रसर भइरहेको संकेत दिएको पनि बताउनुभएको छ। उहाँले र्‍यालीमा ठूलो संख्यामा सहभागी भई गठबन्धनका उम्मेदवारप्रति एक बद्धता जनाउने सम्पूर्ण जनता, नेता तथा कार्यकर्ताहरूलाई धन्यवाद व्यक्त गर्नुभएको छ।

**आईजीजीएफ-उम्मेद्वार**

इण्डियन गोर्खा जनशक्ति फ्रन्ट, आईजीजीएफले सम्पूर्ण अड्कलहरूलाई पन्छाउँदै आज विधानसभा चुनावका लागि आफ्ना उम्मेदवारहरूको आज आधिकारिक घोषणा गरेको छ। घोषणा अनुसार दार्जीलिङ विधानसभा क्षेत्रबाट अजय एड्वार्ड्स, खर्साङ विधानसभा क्षेत्रबाट अधिवक्ता  बन्धना राई तथा कालेबुङ्ग विधानसभा क्षेत्रबाट ब्रुनन  ब्रीटो लेप्चालाई उम्मेदवार बनाइएको जानकारी दिइएको छ। यसको साथै कृष्णानंद सिंह सिलगड़ीबाट अनि निमेश सुंदास मतिगारा-नक्सलबाड़ी सीटबाट चुनाव लड्नेछन्। यस घोषणा साथै दार्जीलिङ, खर्साङ अनि कालेबुङमा बिधान सभा चुनाउ अवधि राजनैतिक माहौल तातिने स्पष्ट  संकेत देखिएको छ।

**रुदेन-नामांकन**

आगामी विधानसभा चुनावको लागि कालेबुङ क्षेत्रबाट भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेदवार रूदेन लेप्चाले आगामी  १ अप्रिलको दिन आफ्नो नामांकन दर्ता गर्ने कार्यक्रम रहेको जानकारी दिएका छन्। यस दिन सम्पूर्ण समर्थक तथा सर्वसाधारणलाई उपस्थित भई दिने तथा साथ र समर्थन जनाउने श्री रुदेन लेप्चाले अपिल गरेका छन्।

**नेपाल-पक्राउ**

नेपाली कंग्रेसको नेता अनि पूर्व मन्त्री दीपक खड़कालाई आज बिहानै पक्राउ गरिएको छ। नेपालको सेन्ट्रल इन्भेस्टिगेशन ब्यूरोको अतिरिक्त पुलिस महानिरीक्षक मनोज केसी अनुसार खड़कालाई धनशोधन मामिलाको जांचको निम्ति बुढ़ानिलकण्ठबाट प्रकाउ गरिएको हो।

**नेपाल-झड़प**

आज काठमाण्डोको बानेश्वेर छेउ माइती घरमा पुलिस अनि एमाले समर्थकहरू बीच झड़प भयो। झड़पमा एकजना प्रदर्शनकारी घाइते भयो। सीपीएन-यूएमएल-ले शनिबार पार्टीको अध्यक्ष अनि चारपल्ट प्रधानमन्त्री बनेको के पी शर्मा ओलीको पक्राउको निन्दा गरेको छ। शुक्रबार राष्टपतिले पद अनि गोपनीयताको शपथ दिलाएपछि प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा भएको पहिलो क्याबिनेट बैठक पछि गत वर्ष नेपालमा भएको विरोध प्रदर्शनको जाचको निम्ति गठित न्यायिक आयोगको सिफारिशहरूलाई तत्काल लागू गर्ने निर्णय गरे पछि भूतपूर्व प्रधानमन्त्री के पी शर्मा ओली अनि भूतपूर्व गृहमन्त्री रमेशको लेखकलाई पक्राउ गरिएको हो। विशेष अदालतको पूर्व अध्यक्ष गौरी बहादुर कार्कीको नेतृत्वमा तयार गरिएको न्यायिक आयोगको रिपोर्टको निष्कर्षहरूमाथि गरिएको सिफारिशलाई तत्काल लागू गर्दै पुलिसले दुवै नेताहरू विरूद्ध वारण्ट जारी गर्दै पक्राउ गरयो। पक्राउ पछि लेखकलाई पुलिस कार्यालयमा राखिएको छ भने ओलीलाई महाराजगंज त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना गराइयो अनि अस्पतालबाट भीडियो कन्फ्रेसिंगको माध्यमबाट अदालतको सुनवाईमा भाग लिइरहेका छन्।

**दार्जिलिंग - पर्यटक मौत**

दार्जीलिंगको संदकफू क्षेत्रमा हिज भएको एक पर्यटकको मृत्यु पछि आज पर्यटकको शवलाई कोलकाता पठाइएको छ। पुलिसले बताए अनुसार कोलकाताबाट दार्जीलिङ्ग घुम्न आएका पर्यटक गत 24 मार्चमा संदकफू पुगेका थिए अनि हिज 28 मार्चको दिन तंगलूमा मृत पाइएको थिए।

**ममता-उत्पल दत्त**

राज्यका मुख्यमंत्री ममता बनर्जीले प्रसिद्ध अभिनेता, नाटककार अनि निर्देशक उत्पल दत्तको जयंतीमा उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभएको छ।

**चिम्नी देवराली सभा**

आज २८ नम्बर खरसाङ चिम्नी देवराली समष्टिको चिमनी देवराली ग्राम पञ्चायतको चारवटा बुथका प्रतिनिधिहरुलाई लिएर क्षेत्रीय सभासद श्याम शेर्पासित भेटघाट र सरसल्लाह अनि सभा देवराली क्षेत्रमा सम्पन्न भएको छ।

**मौसम**

मौसम विभागले अगामी २४ घण्टामा उत्तर बंगालका पहाड़ी तथा केही मैदानी क्षेत्रहरुमा हल्का वर्षा तथा मेघगर्जन सहित वर्षा हुने सम्भावना रहेको बताएकोछ।

**********